# विश्व व्यापार संगठन र वैदेशिक रोजगार

नेपाल जस्तो अल्पविकसित मुलुकका लागि वैदेशिक रोजगार आर्थिक रूपले महत्त्वपूर्ण क्षेत्र हो । वैदेशिक रोजगारमा जाने श्रमिकहरूको आयको परिवारलाई पठाइने हिस्सा मुलुकले विदेशी मुद्रा वा विप्रेषण (remittance) को रूपमा प्राप्त गर्दछ । विप्रेषणले मुलुकलाई आर्थिक रूपमा टेवा दिनुका साथै गरीबी निवारण र बेरोजगारीको समस्या सँग लड्न समेत सघाउ पुऱ्याउँदै आएको छ । आर्थिक दृष्टिकोणले महत्त्वपूर्ण यो क्षेत्र अझै पूर्ण रूपमा व्यवस्थित हुन सकेको छैन । नेपाल विश्व व्यापार संगठन (World Trade Organization–WTO) को सदस्य भै सकेको अवस्थामा यसका विभिन्न सम्झौताले सकारात्मक तथा नकारात्मक असर पार्ने देखिन्छ । यस्तो परिप्रेक्षमा वैदेशिक रोजगारसँग प्रत्यक्ष सम्बन्ध राख्ने WTO को सेवा व्यापारसम्बन्धी साधारण सम्झौता (General Agreement on Trade in Services–GATS) र सेवा आपूर्तिका माध्यमहरू (मोड) बारे जानकारी प्रदान गर्ने र वैदेशिक रोजगारीमा जाने नेपालीहरूको हक-हितको सुरक्षा गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चाल्नुपर्ने आवश्यक कदमका विषयमा यस जानकारी पत्रमा छलफल गरिएको छ ।

विश्वव्यापीकरण र आर्थिक क्षेत्रको उदारीकरणलाई नेपालले केही दशक पहिलेदेखी आत्मसाथ गर्दै अघि बढेको छ । मुलुकमा भएको राजनितिक परिवर्तनसँगै आर्थिक क्षेत्रको रूपान्तरणका निम्ती नयाँ ढोकाहरू समेत खुलेको छ । मुलुकलाई आर्थिक रूपले सवल बनाउन कृषि क्षेत्रको व्यवसायीकरण, औद्योगिक र सेवा क्षेत्रको विकासमा गंभीर रूपमा काम गर्नु पर्ने हुन्छ । सेवा क्षेत्रको चर्चा गर्दा नेपालको तुलनात्मक लाभको क्षेत्रका रूपमा रहेका पर्यटन र वैदेशिक रोजगारको क्षेत्रलाई लिन सकिन्छ । विदेशी मुद्रा आर्जन गर्ने यी दुई मुख्य माध्यमलाई सही रूपमा परिचालन र विकास गर्न सकेमा नेपाल आर्थिक समुन्नती र रूपान्तरणको बाटोमा अघि बढ्न सक्छ ।

वैदेशिक रोजगार नेपालका निम्ति नौलो क्षेत्र होइन । यस क्षेत्रले नेपालको अर्थतन्त्रलाई ठूलो टेवा पुऱ्याउँदै आएको छ । विगत केही बर्ष यता वैदेशिक रोजगार प्रति नेपालीहरूको आकर्षण बढ्दो छ । नेपालमा वैदेशिक रोजगारको इतिहास निकै पुरानो छ । सन् १८१५-१६ मा पहिलो पल्ट नेपालीहरू ब्रिटिस फौजमा भर्ती हुन जानुपूर्व उन्नाइसौँ शताब्दीको सुरूवाततिर भारतको लाहोरस्थित सिख राजा रन्जित सिंहको सेनामा भर्ती हुन गएको पाइन्छ । त्यसै बेलादेखि नेपालीहरू रोजगारीका निम्ति भारत जाने क्रमको सुरूवात भएको मानिन्छ । पछि गएर भारतका विभिन्न शहरमा सेना, सरकारी एवम् निजी क्षेत्र (विशेष गरी होटल, घरायसी कार्य तथा सुरक्षा गार्डका रूपमा) मा काम गर्ने नेपालीहरूको संख्यामा वृद्धि भएको थियो । नेपाल-भारतबीच द्विपक्षीय सम्झौताका कारण एकअर्काका मुलुकमा आवतजावत गर्न प्रवेशाज्ञा नचाहिने हुँदा के कति नेपालीहरू भारतमा कार्यरत छन् भन्ने तथ्यांक प्राप्त गर्न कठिन भए पनि भारतका विभिन्न शहरहरूमा करिब १० लाखभन्दा बढी नेपालीहरू कार्यरत रहिआएको अनुमान गरिएको छ ।

विश्वव्यापीकरणको लहर सँगै नेपालीहरू भारतबाहेक अरू मुलुकमा पनि बढ्दो संख्यामा रोजगारीका निम्ति जाने क्रमको सुरूवात भएको हो । स्वदेशमा रोजगारीको अवसर कम हुनु, कृषि र औद्योगिक क्षेत्रमा उत्पादकत्वको कमी र त्यसमाथि आन्तरिक द्वन्द्वका कारण लाखौँ नेपालीहरू बिदेशिन बाध्य भएका हुन् । विश्व बैंकका अनुसार सन् २००५ मा भारतबाहेक थाइल्याण्ड, साउदी अरब, संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, ब्रुनाई, दक्षिण कोरिया, जापान, जर्मनी र अष्ट्रेलिया नेपालीहरू जाने दश प्रमुख गन्तव्यका रूपमा रहेका थिए । यी मुलुकहरूमा ७ लाखभन्दा बढी नेपालीहरू रोजगारीका लागि गएका थिए । हजारौँ नेपालीहरू प्रति महिना वैदेशिक रोजगारीमा जाने क्रमलाई हेर्दा यो संख्या अझै बढेको सहजै अनुमान गर्न सकिन्छ । हाल मलेशिया, दक्षिण कोरिया र कतार जस्ता विकासोन्मुख मुलुकहरू नेपालीहरूका मुख्य गन्तव्य बनेका छन् । यी मुलुकहरूसँग कम सीप भएका श्रमशक्ति पठाउने र उनीहरूको सामाजिक सुरक्षा सुनिश्चित गर्ने विषयहरूमा नेपालले द्विपक्षीय सम्झौता गरिसकेको छ । नेपालका लागि यो क्षेत्र आर्थिक रूपमा महत्त्वपूर्ण भए पनि सरकारले यस क्षेत्रलाई व्यवस्थित गरी श्रमिकहरूको हक-हितको सुरक्षा र विदेशबाट प्राप्त हुने विप्रेषणको उचित सदुपयोग गर्न सकेको देखिँदैन ।

## वैदेशिक रोजगारी र विप्रेषण

विप्रेषण वैदेशिक रोजगारको महत्त्वपूर्ण पक्ष हो । विप्रेषणले विश्वका कतिपय मुलुकको अर्थतन्त्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ भने गरीबी निवारणको क्षेत्रमा समेत टेवा पुऱ्याएको छ । यसको एउटा उदाहरणको रूपमा नेपाललाई नै लिन सकिन्छ । द्वन्द्वका कारण मुलुकको आर्थिक स्थिति धराशायी हुन लागेको अवस्थामा विप्रेषणले अर्थतन्त्रमा टेवा पुऱ्याएको र गरीबी न्यूनीकरणमा समेत योगदान दिएको सन् २००३/०४ को नेपाल जीवनस्तर सर्वेक्षणले देखाएको छ ।

सन् २००६ मा नेपालले १ अर्ब ४५ करोड ३० लाख अमेरिकी डलर विप्रेषणको रूपमा भित्र्याएको थियो जुन कुल गार्हस्थ्य उत्पादनको १८ प्रतिशत रहेको थियो । सन् २००७ मा कुल विप्रेषणमा वृद्धि भई १ अर्ब ६० करोड अमेरिकी डलर पुगेको थियो । विप्रेषणको आम्दानी सन् २००० मा जम्मा ११ करोड १० लाख मात्र रहेको थियो (चित्र १) । यी तथ्यांकहरूमा बैंकिङ क्षेत्रबाट प्राप्त विप्रेषणलाई मात्र लिइएको हुन्छ । नेपाल जीवनस्तर सर्वेक्षण सन् २००३/०४ का अनुसार लगभग ६ प्रतिशत विप्रेषण मात्र प्रत्यक्ष रूपमा बैंकिङ क्षेत्रबाट भित्रने गरेको पाइएको छ । बाँकी विप्रेषण हुण्डीको प्रयोगबाट २ प्रतिशत, आफैँले वा अन्य व्यक्तिको माध्यमबाट ७८ प्रतिशत र १४ प्रतिशत अन्य स्रोतबाट प्राप्त हुने गरेको देखिएको छ । यसरी अप्रत्यक्ष रूपमा भित्रने विप्रेषणलाई समेत जोड्दा कुल विप्रेषणको मात्रा दोब्बर भन्दा बढी हुन सक्ने देखिन्छ । भारतमा काम गर्ने नेपालीहरूको संख्या बढी भए पनि पैसा पठाउँदा अनौपचारिक माध्यमको प्रयोग बढी हुने कारणले भारतबाट भित्रने विप्रेषणको मात्रा भने यकिन गर्न गाह्रो छ ।

सन् १९९५/९६ को नेपाल जीवनस्तर सर्वेक्षणमा करिब ४२ प्रतिशत नेपाली गरीबीको रेखामुनि रहेको पाइएको थियो भने सन् २००३/०४ को सर्वेक्षणमा सो घटेर ३१ प्रतिशत भएको छ । दुई सर्वेक्षणको अन्तरालमा ११ प्रतिशत बिन्दुले गरीबी घट्नुको एक प्रमुख कारणका रूपमा विप्रेषणलाई नै मानिएको छ । उक्त समयावधिमा देशबाहिरबाट प्राप्त हुने विप्रेषणको अंश ५५ प्रतिशतबाट बढेर ७६ प्रतिशत पुगेको सर्वेक्षणले देखाएको छ । १९९५/९६ को सर्वेक्षणमा पारिवारिक आम्दानीमा विप्रेषणको अंश जम्मा ६ प्रतिशत रहेको थियो भने २००३/०४ को सर्वेक्षणमा यसको अंश वृद्धि भई १० प्रतिशतसम्म पुगेको पाइएको छ । त्यसै गरी विप्रेषण प्राप्त गर्ने घरपरिवारको संख्या २३.४ प्रतिशतबाट वृद्धि भई ३१.९ प्रतिशत पुगेको छ ।

कुल गार्हस्थ्य उत्पादनको १८ प्रतिशतसम्म हिस्सा रहेको विप्रेषणको नेपालजस्तो अल्पविकसित मुलुकका निम्ति ठूलो महत्त्व रहेको छ । नेपालीहरूको पारिवारिक उपभोग खर्च बढाउन, गरीबी न्यूनीकरण र अर्थतन्त्रमा यसले खेलेको भूमिकाका कारण वैदेशिक रोजगार र विप्रेषणका मुद्दालाई नेपाली नीति निर्माणका क्रममा प्राथमिकताका साथ हेरिन थालिएको छ । सन् २००७ को बजेटमा वैदेशिक रोजगारीमा जानेहरूका निम्ति ५ लाख रुपैयाँको बिमा, सीप विकास तालिम र आपतकालिन अवस्थाहरूमा नेपाली श्रमिकहरूको उद्धार गर्न राहत कोष खडा गरिने प्रस्ताव राखिएको थियो । यसका साथै बढी नेपाली श्रमिकहरू रहेका मुलुकहरूका कूटनीतिक नियोगहरूमा श्रम सहचारीको व्यवस्था गर्नेसमेत उल्लेख गरिएको थियो ।

वैदेशिक रोजगारीको क्षेत्रलाई व्यवस्थित र नियमन गर्न नेपालमा वैदेशिक रोजगार ऐन, २०६४ लागू गरिएको छ । तर कार्यान्वयन र अनुगमनको अभावमा अझै पनि हजारौं नेपालीहरू स्वदेश र विदेशमा दलालहरूबाट ठगिने क्रम जारी छ । विदेशमा नेपालीहरू बिचल्लीमा परेका र विभिन्न दुर्घटनामा ज्यान गुमाएका समाचारहरू बारम्बार सुन्ने गरिएको छ । तर सरकार र निजी क्षेत्रबाट यी समस्याहरूको हल गर्न गरिएको पहल अपुग देखिन्छ । विदेशमा रहेका नेपाली कूटनीतिक नियोगहरूसमेत नेपाली श्रमिकहरूको हकहितको सुरक्षामा लागेको विरलै पाइन्छ । सम्बन्धित कूटनीतिक नियोगमा जनशक्ति तथा साधनस्रोतको कमीका कारण बिचल्लीमा परेकाहरूको समेत मद्दत गर्न नसकिएको र मद्दत माग्न जाँदासमेत गुनासो माथि चासो नदेखाउने र उल्टै आर्थिक शोषण गर्ने गरिएका खबरहरू नेपाली सञ्चार माध्यमहरूले बारम्बार सम्प्रेषण गर्ने गरेका छन् ।

**चित्र १: सन् २००० देखि २००७ सम्म नेपालले प्राप्त गरेको**




स्रोतः *World Bank. 2007. Migration and Remittances Factbook. Development Prospects Group.*

## वैदेशिक रोजगार, विकासोन्मुख तथा अल्पविकसित राष्ट्र

विकसित राष्ट्रहरूमा मानव संसाधनको आवश्यकता पर्ने कतिपय क्षेत्रहरूमा कम सीप भएका श्रमिकहरूको माग बढ्दै गएको छ र भविष्यमा अझै बढ्ने अध्ययनहरूले देखाएको छ । होटल र रेष्टुरेन्टमा काम गर्ने कुक, वेटर; निर्माणको क्षेत्रमा काम गर्ने डकर्मी, प्लम्बर, सिकर्मी, मेशिन संचालन गर्नेहरू; नर्स; सुरक्षा गार्ड र घरायसी काम गर्ने व्यक्तिहरूको विकसित तथा केही विकासोन्मुख मुलुकहरूमा माग बढिरहेको छ ।

विश्वका विकासोन्मुखका साथै नेपालजस्ता कैयौं अल्पविकसित राष्ट्रहरू द्वन्द्व, राजनीतिक एवम् आर्थिक अस्थिरताको अवस्थाबाट ग्रसित छन् ।


© सावती २०६५

त्यसमाथि मुलुकमा शिक्षा र औद्योगीकरणको अभाव तथा स्वदेशी श्रमशक्तिलाई सही रूपमा परिचालन गर्ने दूरदर्शी नीति नभएका कारण यस्ता मुलुकमा बेरोजगारीको समस्या चर्कंदै गएको छ । यी मुलुकहरूमा श्रमशक्तिको संख्या धेरै छ । स्वदेशमा यस्ता श्रमशक्तिको सदुपयोग गर्न नसकिरहेको अवस्थामा वैदेशिक रोजगारीका लागि प्रोत्साहित गर्नु बाध्यता भए पनि यस्ता श्रमिक निर्यात गर्नु विकासोन्मुख तथा अल्पविकसित राष्ट्रहरूको हितमा हुने देखिएको छ ।

वैदेशिक रोजगारमा जाने कम सीप भएका वा अदक्ष श्रमशक्तिको विकसित तथा विकासोन्मुख बजारमा पहुँच सुनिश्चित हुने र उनीहरूको हकहित तथा सुरक्षाको प्रत्याभुति हुने हो भने उनीहरूमार्फत प्राप्त विप्रेषणले मुलुकको अर्थतन्त्र मात्र नभई गरीबी निवारणमा समेत सकारात्मक योगदान पुऱ्याउने देखिन्छ । विप्रेषणबाहेक काम गरेर फर्केपछि उनीहरूको सीप र दक्षतामा अभिवृद्धि हुने हुँदा आफ्नो सीप स्वदेशमा प्रयोग गरी कृषि तथा औद्योगिक क्षेत्रमा उत्पादकत्व बढाउन मद्दत गर्न सक्ने सम्भावनालाई समेत नकार्न सकिन्न । विकासोन्मुख एवम् अल्पविकसित राष्ट्रहरूलाई कम सीप भएका वा अदक्ष जनशक्तिको निर्यातबाट बढी फाइदा हुने कारण पनि विकासोन्मुख राष्ट्रका निम्ति मोड ४ को उदारीकरण महत्त्वपूर्ण छ ।

## सेवा र बहुपक्षीय व्यापार

विश्व अर्थतन्त्रको विकास र वृद्धिमा सेवा व्यापारको बढ्दो महत्त्वलाई ध्यानमा राखी सेवा व्यापारलाई बहुपक्षीय व्यापार प्रणालीमा स्थान दिइएको हो । सन् १९९५ मा WTO को स्थापनासँगै व्यापारको एक प्रमुख अंगको रूपमा सेवा व्यापार पनि समावेश भएको थियो । WTO अन्तर्गत सदस्य राष्ट्रहरूबीच बहुपक्षीय सम्झौता–सेवा व्यापारसम्बन्धी साधारण सम्झौता (GATS)–सम्पन्न भएको छ । यस सम्झौताको मुख्य उद्देश्य सेवा व्यापार क्षेत्रको क्रमिक उदारीकरणमार्फत् सदस्यहरूको आर्थिक विकासमा सहयोग पुऱ्याउनु रहेको छ । GATS सेवा व्यापारसम्बन्धी पहिलो र एकमात्र बहुपक्षीय सम्झौता हो । GATS ले लगभग सेवाका सम्पूर्ण क्षेत्रहरूलाई समेटेको छ । यस सम्झौताअन्तर्गत सेवालाई उद्योग (पेशागत तथा कम्प्युटर) सम्बन्धी सेवा, संचारसम्बन्धी सेवा, निर्माण र सोसँग सम्बन्धित इन्जिनियरिङ सेवा, वितरण-सम्बन्धी सेवा, शिक्षासम्बन्धी सेवा, वातावरणसम्बन्धी सेवा, वित्तीय सेवा (बिमा तथा बैकिङ) सम्बन्धी सेवा, स्वास्थ्य एवम् सामाजिक सेवा, पर्यटनसम्बन्धी सेवा, मनोरञ्जनसम्बन्धी सेवा, सांस्कृतिक एवम् खेलकुदसम्बन्धी सेवा, यातायातसम्बन्धी सेवा र सूचीमा नपरेका अन्य सेवाहरू गरी कुल १२ क्षेत्र र १ सय ६० उपक्षेत्रमा विभाजन गरिएको छ । GATS अन्तर्गत सेवा व्यापारलाई संचालन गर्न सेवा आपूर्तिलाई चार माध्यम–मोड १, मोड २, मोड ३ र मोड ४–मा विभाजन गरिएको छ (तालिका १) ।

## GATS मोड ४

GATS ले "एक सदस्यको आपूर्तिकर्ताद्वारा एउटा सदस्यको प्राकृतिक व्यक्तिको उपस्थितिको माध्यमबाट कुनै अर्को सदस्यको सीमाक्षेत्रभित्र" भनी मोड ४ को परिभाषा दिइएको छ । यसको अर्थ कुनै एक सदस्य राष्ट्रको नागरिकले अर्को सदस्यको सीमा भित्र रहेको सेवा प्रदायक कहाँ स्वयं उपस्थित भई प्रदान गरिने सेवा भन्ने बुझाउँछ । उदाहरणका लागि कुनै नेपाली नर्सले भारतको सीमाभित्र रहेको अस्पतालमा उपस्थित भई छोटो समयका निम्ति सेवा प्रदान गर्नेलाई लिन सकिन्छ । GATS अन्तर्गत सेवाको आपूर्ति गर्ने व्यक्तिको आवतजावतसम्बन्धी अनुसूचीले मोड ४ लाई प्रस्टयाउने क्रममा यो सम्झौता स्थायी बसाइँसराइ, स्थायी रोजगारी र नागरिकता लिन चाहने व्यक्तिहरूका सम्बन्धमा लागू नहुने स्पष्ट पारेको छ ।

मोड ४ अन्तर्गत सबै श्रेणीका सेवाप्रदायक–दक्ष प्राविधिक (जस्तैः डाक्टर, इन्जिनियर, व्यवस्थापक, सूचनाप्रविधिका क्षेत्रमा दक्ष व्यक्ति आदि), कम सीप भएका (जस्तैः नर्स, कुक, निर्माण, काठ, फलामको काम गर्ने व्यक्ति आदि) वा अदक्ष (हेल्पर, वेटर, घरायसी काम गर्ने व्यक्ति, आदि)–को हकमा सदस्य राष्ट्रहरूलाई प्रतिबद्धताअनुरूप अन्य सदस्यहरूसँग बजार पहुँच तथा भेदभावरहित व्यवहारका निम्ति वार्ता गर्न सकिने र प्रतिबद्धताको सीमाबमोजिम सेवाको आपूर्ति गर्न अनुमति दिइएको छ । त्यसै गरी प्रतिबद्धताहरूको सीमाभित्र रही, अर्को सदस्यको सेवाप्रदायकलाई बाधा नपुऱ्याई अस्थायी बसाइँलाई नियमन गर्न, आफ्नो सिमानाको अखण्डताको रक्षा गर्न, आवतजावतलाई व्यवस्थित रूपले सुनिश्चित गर्न सम्झौताले रोकेको छैन ।

## मोड ४ का अवरोधहरू

विकासोन्मुख तथा अल्पविकसित मुलुकहरूलाई मोड ४ उदारीकरण र बजार पहुँच (विशेष गरी कम सीप भएका) बाट फाइदा हुने देखिए पनि विद्यमान अवरोधहरूका कारण सम्भावित फाइदा उठाउन कठिन हुने देखिन्छ । WTO का सदस्यहरूले GATS सम्झौतामा विकासोन्मुख सदस्यहरूको हितमा हुने गरी क्रमिक रूपमा सेवा क्षेत्रको उदारीकरणमार्फत् उनीहरूको आर्थिक विकासमा मद्दत गर्ने भने पनि वास्तवमा यस्तो भएको पाइँदैन । WTO का अल्पविकसित राष्ट्रहरूलाई GATS को धारा ४ मा 'विशेष प्राथमिकता दिइने' र प्रतिबद्धता स्वीकार गर्दा पर्ने अप्ठ्याराहरूलाई विशेष ध्यान दिइने भनिएको छ । त्यसै गरी सन् ११९५ मा हङकङमा सम्पन्न पाँचौं मन्त्रीस्तरीय सम्मेलनको घोषणापत्रमा पनि अल्पविकसित राष्ट्रहरूलाई विषेश प्राथमिकता दिन सेवा व्यापारका क्षेत्रहरूमा र सेवा आपूर्तिको माध्यममा उदारीकरण र बजार पहुँच सुनिश्चित गर्न आवश्यक संयन्त्रको विकास गरिने उल्लेख गरिएको थियो । यति हुँदाहुँदै पनि विकसित मुलुकहरूले मोड ४ उदारीकरणमा तदारूकता नदेखाएको स्पष्ट देख्न सकिन्छ ।

### उदारीकरणको प्रतिबद्धता

मोड ४ मा अरू सेवा आपूर्तिका माध्यमहरुमा भन्दा निकै कम उदारीकरण, बजार पहुँच र राष्ट्रिय व्यवहारको प्रतिबद्धता गरिएको पाइन्छ । त्यसमाथि पनि प्रायः सदस्यहरूले दक्ष प्राविधिक, अन्तर-संस्थागत स्थानान्तरण (व्यवस्थापक, कार्यकारी तहका) र विदेशी कम्पनीका शाखा खोल्न जिम्मेवार व्यक्तिलाई प्राथमिकता प्रदान गरेका छन् । कम सीप भएका र अदक्ष श्रमशक्ति भने उपेक्षित छन् । यसको प्रमुख कारण स्वदेशमा रहेका कम सीप भएका जनशक्तिलाई विस्थापित हुन नदिनु नै हो ।

## तालिका १ : सेवा व्यापारअन्तर्गत सेवा आपूर्तिका प्रकार

| मोड | सेवा प्रदान गर्ने तरिका | | उदाहरण |
|---|---|---|---|
| मोड १ | एक सदस्यको सीमाभित्रबाट कुनै अर्को सदस्यको सीमाभित्र (सेवाप्रदायकको भौतिक उपस्थितिबिना) | cross border trade | टेलिमेडिसिन (संञ्चार माध्यमको प्रयोगबाट अर्को देशको चिकित्सकसँगको छलफल गर्ने प्रविधि) |
| मोड २ | एक सदस्यको सीमा क्षेत्रभित्र कुनै सदस्यको सेवा उपभोक्तालाई (उपभोक्ता आफै उत्पादनस्थलमा पुगी सेवा उपभोग गर्ने) | consumption abroad | विदेशमा गई गरिने स्वास्थ्य परीक्षण वा अध्ययन, पर्यटन |
| मोड ३ | एक सदस्यको सेवा आपूर्तिकर्ताद्वारा व्यावसायिक उपस्थितिको माध्यमबाट कुनै अर्को सदस्यको सीमाभित्र (सेवाप्रदायकको व्यापारिक उपस्थिति वा वैदेशिक लगानी) | commercial presence | विदेशी अस्पताल, मेडिकल कलेज, औषधि कम्पनी, विदेशी बैंकको शाखा |
| मोड ४ | एक सदस्यको आपूर्तिकर्ताद्वारा एउटा सदस्यको प्राकृतिक व्यक्तिको उपस्थितिको माध्यमबाट कुनै अर्को सदस्यको सीमा क्षेत्रभित्र (सेवाप्रदायक छोटो समयका लागि भौतिक रूपमा उपस्थित भई सेवा प्रदान गर्ने) | temporary movement of natural persons | अस्थायी रूपमा अर्को देशमा गई सेवा प्रदान गर्ने वा वैदेशिक रोजगार |

कुनै पनि सेवा क्षेत्र अन्तर्गत मोड ४ मा प्रतिबद्धता नगरिएको अवस्थामा विदेशी कामदारलाई स्वदेशीसरह सुविधा र सुरक्षा प्रदान गर्नुपर्ने बाध्यता रहन्न । उदाहरणका निम्ति खाडी मुलुकहरूमध्ये कुवेतले–जहाँ धेरै नेपालीहरू रोजगारीको सिलसिलामा जाने गरेका छन्–तोकिएका बाहेक अन्य सेवा प्रदायकका हकमा मोड ४ अन्तर्गत प्रतिबद्धता नगरेका कारण विदेशी कामदारलाई सामाजिक तथा अन्य हकहितको सुरक्षामा राष्ट्रिय व्यवहार लागू गर्न नपर्ने हुन्छ । यसको प्रत्यक्ष असर नेपाल र नेपालबाट वैदेशिक रोजगारमा जाने नेपालीहरूलाई परिरहेको छ । आयात गर्ने मुलुकको सरकारले वैदेशिक रोजगारमा आउनेलाई भिसाको समयावधि सकिएपछि फर्काउन पनि सामाजिक सुरक्षा प्रदान नगर्ने, बिमा र अन्य सेवा सुविधा प्रदान नगर्ने उपाय अपनाएको पाइन्छ ।

### परिमाणात्मक बन्देज

WTO सदस्यहरूले कतिपय सेवा क्षेत्रमा विदेशी कामदार वा सेवा प्रदायकको उपस्थितिमा परिमाणात्मक बन्देज लगाएका छन् । स्वदेशमा नै सो क्षेत्रमा काम गर्न सक्ने जनशक्ति पर्याप्त भएका क्षेत्रहरूमा विदेशी सेवा प्रदायकलाई निरूत्साहित गर्न यस्तो बन्देज लगाइएको हुन्छ । कतिपय राष्ट्रहरूले सम्पूर्ण क्षेत्रमा लागू हुने गरी दक्ष श्रमशक्तिका निम्ति केही मात्रामा बजार पहुँच खुला गरेका छन् भने क्षेत्रगत रूपमा प्रायः सबै राष्ट्रले कुनै प्रकारको प्रतिबद्धता प्रकट गरेको पाइँदैन ।

### शिक्षा वा तालिममा असमानता

विकसित मुलुकहरूले श्रमशक्तिलाई आफ्नो मुलुकमा काम गर्न सकेसम्म समान स्तरको शिक्षा वा प्राविधिक तालिममा जोड दिएको पाइन्छ । फलस्वरूप विकासोन्मुख मुलुकबाट वैदेशिक रोजगारमा जान खोज्नेहरूले विभिन्न किसिमको परीक्षा दिनुपर्ने वा तालिम लिनुपर्ने बाध्यता हुन्छ । उदाहरणका लागि अमेरिकामा जाने डाक्टर र नर्सहरूले त्यहाँ काम गर्ने अनुमतिका लागि विभिन्न परीक्षा उत्तिर्ण गर्नुपर्ने हुन्छ ।

### आर्थिक आवश्यकता परीक्षण

विदेशी कामदारलाई काम दिनुपूर्व कतिपय मुलुकहरूमा कम्पनीले स्वदेशमा सो काम गर्ने जनशक्ति नभएको, आवेदन दिँदा सक्षम मानिस नपाइएको कारण विदेशी कामदार राख्नुपर्ने बाध्यता रहेको प्रमाणित गर्नुपर्ने हुन्छ, जसलाई आर्थिक आवश्यकता परीक्षण (economic needs test) भनिन्छ । कम्पनीहरू यस्तो झन्झट बेहोर्न नचाहने हुँदा विदेशी कामदार लिन हिचकिचाउन सक्छन् । यसले पनि वैदेशिक रोजगारमा जानेहरूका निम्ति बजार पहुँचमा ठूलो अवरोध सिर्जना भएको छ । विकासोन्मुख मुलुकहरूले यसको विरोध गर्दै आएका छन् र यसलाई क्रमिक रूपमा हटाउनुपर्ने धारणा राख्दै आएका छन् ।

### झन्झटिलो प्रक्रिया

यसबाहेक काम गर्न विदेश जान विभिन्न किसिमको अनावश्यक कागजपत्रको आवश्यकता पर्ने (जस्तैः सम्पत्ति विवरण) झन्झटिलो प्रक्रिया पूरा गर्नु पर्ने (जस्तैः भाषा तथा अन्य परिक्षा उतिर्ण गर्नु पर्ने), प्रक्रिया पूरा भए पनि भिसा नपाइने, विभिन्न प्रकारका मापदण्ड (जस्तैः दुतवासले तोकेको स्वास्थ्य संस्थाबाट स्वास्थ्य परिक्षण गर्नु पर्ने) पूरा गर्दा पनि सरल रूपमा प्रवेश गर्न नपाइनेजस्ता अवरोध यथावत् छन् । यस्ता अवरोधहरूका कारण वैदेशिक रोजगार मार्फत् श्रमशक्ति र निर्यात गर्ने राष्ट्र फाइदा पाउन कठिन हुने देखिन्छ ।

## मोड ४ उदारीकरणका लागि वार्ताको अवस्था

WTO मा वार्ताका क्रममा सदस्यहरूबीच सेवा क्षेत्रको उदारीकरण र बजार पहुँचका निम्ति अनुरोध गर्ने र त्यस सम्बन्धमा दिइने प्रस्तावको प्रक्रिया जारी छ । हालसम्म विभिन्न सदस्यहरूले छुट्टाछुट्टै वा सामूहिक रूपमा आफ्ना प्रस्तावपत्रहरू WTO को सेवा परिषद्मा बुझाएका छन् । मोड ४ मा सदस्यहरूले गरेको प्रतिबद्धतालाई हेर्ने हो भने लगभग सम्पूर्ण सदस्यहरूले विभिन्न


© सावती २०६५

स्तरमा प्रतिबद्धताहरू जनाएका छन् । तर प्रायः गरिएका प्रतिबद्धताहरू सम्पूर्ण क्षेत्र (horizontal basis) मा लागू हुने गरी गरिएको छ भने क्षेत्रगत (sector specific) रूपमा कमै मात्र रहेको छ । सम्पूर्ण क्षेत्रमा गरिएको प्रतिबद्धतामा पनि उदारीकरण र बजार पहुँचमा प्राथमिकता दक्ष प्राविधिकहरूको हकमा र अन्तर-व्यवसायिक सरूवामा मात्र केन्द्रित रहेको पाइन्छ । प्रायः प्रतिबद्धता मोड ३ (व्यापारिक उपस्थिति) लाई ध्यानमा राखी, त्यसलाई सहुलियत हुने किसिमबाट गरिएको छ । शुरूदेखि भएका वार्ताहरूमा कम सीप भएका तथा अदक्ष कामदारका लागि बजार पहुँच खुला गर्ने विषयमा भने विकासोन्मुख र विकसित राष्ट्रहरूबीच सहमति हुन सकिरहेको छैन । यस विषयमा विकासोन्मुख तथा अल्पविकसित राष्ट्रहरूले विकासोन्मुख राष्ट्रहरूलाई बारम्बार अनुरोध र प्रस्तावपत्र दिँदै आएका छन् ।

अल्पविकसित राष्ट्रहरूले पेशाकर्मी वा प्राविधिक व्यक्ति, व्यापारका सिलसिलामा यात्रा गर्ने व्यक्ति, करारमा सेवा प्रदान गर्ने सेवाप्रदायक र अन्य–स्नातक तह उतिर्ण भइसकेका काम सिक्न जाने व्यक्ति (graduate trainee), कलाकार, खेलाडी, फेसन मोडेल, मेसिन, धाराजस्ता वस्तु जडान गर्ने तथा मर्मत-संभार गर्ने–व्यक्तिहरूका निम्ति बजार पहुँच खुल्ला गरिनुपर्ने प्रस्ताव राखेका छन् । विकासोन्मुख राष्ट्रहरूका तर्फबाट अर्जेन्टिना, ब्राजिल, चिली, चीन, कोलम्बिया, इजिप्ट, भारत, मेक्सिको, पाकिस्तान, पेरू र थाइल्याण्डले संयुक्त प्रस्ताव पेश गरेका छन् । सो प्रस्तावमा मूलतः करारमा सेवा प्रदान गर्ने सेवा प्रदायक र पेशाकर्मी वा प्राविधिक व्यक्तिका लागि बजार पहुँच र राष्ट्रिय व्यवहारका निम्ति पहल गरिएको छ । यसबाहेक प्रस्तावमा मोड ४ मा गरिएका प्रतिबद्धताहरूमा पारदर्शिता, वैदेशिक रोजगारका निम्ति जानेहरूका लागि त्यस मुलुकमा प्रवेश गर्न आवश्यक कागजपत्र, प्रशोधन गर्न लाग्ने समय र खर्च, सो मुलुकमा रहन पाउने समयावधि, नवीकरणको प्रक्रिया, मुलुकको अध्यागमनसम्बन्धी कानूनी व्यवस्थाजस्ता विभिन्न प्रक्रियाहरूको जानकारी एकै स्थानबाट उपलब्ध गराउनुपर्नेसमेत माग राखिएको छ । यसबाहेक भारतले आफ्नो तुलनात्मक लाभ भएका क्षेत्र–मोड १ र मोड ४–को उदारीकरणमा विशेष जोड दिँदै छुट्टै प्रस्ताव पेश गरेको छ । उक्त प्रस्तावमा विकासोन्मुख मुलुकहरूले उठाएका मुद्दाहरूका साथै सेवाप्रदायक भिसा वा GATS भिसाको अवधारणा प्रस्ताव गरिएको छ । उक्त प्रस्तावमा त्यसलाई कार्यान्वयन गर्न आवश्यक सुझाव र प्रशासनिक प्रक्रियाका बारेमा समेत छलफल गरिएको छ । हालसम्म WTO का वार्ताहरूमा पेश गरिएको प्रस्तावहरूमध्ये सबै भन्दा उत्कृष्ट भारतले दिएको प्रस्तावलाई मानिएको छ (Winters 2005) ।

हालसम्म पेश गरिएका प्रस्तावहरू विशेष गरी अध्यागमन, बसाइँको म्याद, भिसा तथा काम गर्न पाउने अनुमतिमा आवश्यक सुधारजस्ता प्रशासकीय प्रक्रिया, GATS का सम्पूर्ण तथा क्षेत्रगत प्रतिबद्धताको दायरा फराकिलो पार्नुपर्ने, आर्थिक आवश्यकता परीक्षणको दायरा न्यूनीकरण गर्ने तथा यसको आवश्यकता स्पष्ट गरिनुपर्ने, सम्पूर्ण प्रक्रिया पारदर्शी ढंगमा हुनुपर्ने, GATS सँग सम्बन्धित आन्तरिक नियम-कानूनमा सुधार, सेवाप्रदायकहरूका निम्ति छुट्टै सेवा प्रदायक भिसा वा GATS भिसा र भेदभावरहित व्यवहार गरिनुपर्ने (जस्तै सामाजिक सुरक्षा र अन्य राष्ट्रिय व्यवहारका सवालहरू) मुद्दाहरूमा केन्द्रित रहेका छन् । यसका साथै विकासोन्मुख राष्ट्रहरू मोड ४ उदारीकरणलाई मोड ३ सँग जोडेर हेर्न नहुने अडानमा रहेका छन् । प्रायः व्यापारिक उपस्थितिलाई सहज बनाउन प्रवेश खुला गरिएका कारण दक्ष श्रमशक्तिले मात्र अवसर पाउने र कमसिप भएकाहरू यस अवसरबाट बँचित हुने गरेका छन् ।

## मोड ४ – अगाडिको बाटो

मोड ४ को उदारीकरणले निर्यात र आयत गर्ने दुवै पक्षलाई फाइदा पुर्‍याउँछ (जस्तैः निर्यात गर्नेलाई विप्रेषण मार्फत् र आयत गर्नेलाई सस्तो श्रमशक्ति, विभिन्न अनुमतिका लागि तिर्ने खर्च मार्फत्) । त्यसैले WTO सदस्यहरूले अल्पविकसित मुलुकहरूको हितका निम्ति विगतमा गरेका प्रतिबद्धताहरूलाई कार्यान्वयन गर्दै कम सीप भएका श्रमशक्तिका निम्ति बजार पहुँच सुनिश्चित गर्नुपर्दछ । यसले श्रमिकहरूको मात्र नभई समग्र राष्ट्रको अर्थतन्त्रमा प्रभाव पर्ने र गरीबी न्यूनीकरणजस्तो विश्वले अँगालेको विकास लक्ष्य (सहस्राब्दी विकास लक्ष्य) मा समेत प्रत्यक्ष असर पुग्नेछ ।

नेपालजस्तो अल्पविकसित मुलुकले मोड ४ को उदारीकरणमार्फत पाउन सक्ने सम्भावित फाइदा लिन सम्बन्धित सरोकारवालाहरूसँग छलफल गरी उदारीकरण र बजार पहुँचका निम्ति आवश्यक कदम चाल्न जरूरी देखिन्छ । नेपालले मोड ४ बाट फाइदा लिने हो भने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा निम्न पहल गर्नु आवश्यक देखिन्छ–

### (क) राष्ट्रियस्तरमा गर्नुपर्ने पहल

- विभिन्न अध्ययनहरूले विकसित मुलुकहरूमा भविष्यमा कम सीप भएका श्रमशक्तिको अभाव हुने देखाएका छन् । नेपालले यसबाट उचित फाइदा उठाउन समयमै आवश्यक गृहकार्य गर्नुपर्छ । कम सीप भएका श्रमिकहरूको निर्यात प्रवर्द्धन गर्न र यस्ता श्रमशक्तिको दक्षता अभिवृद्धि गर्न सीपमूलक तालिमको व्यवस्था गर्न जरूरी छ । यसका निम्ति आयातक मुलुकमा माँग र आवश्यकता रहेको क्षेत्र पहिचान गरी सो अनुसारको तालिम सञ्चालन गर्नु पर्दछ । आवश्यकता पहिचान गर्न अनुसन्धान र अध्ययनमा लगानी बढाउन आवश्यक देखिन्छ ।

- वैदेशिक रोजगारीमा जाने प्रायः नेपालीहरूको शिक्षा र चेतनाको अभावका कारण म्यानपावर एजेन्सीबाट ठगिने, राम्रो काम नपाइने र कम तलबमा काम गर्नुपर्ने अवस्था यथावत् छ । कामदारहरूलाई यस प्रकारको ठगी र शोषणबाट बचाउन सरकारले कानूनी रूपमा पहल गर्नुपर्छ । नेपालमा विद्यमान कानूनको कार्यान्वयन र आवश्यक अनुगमनसहितको सरकारी संयन्त्रको विकास गर्नु जरूरी छ ।

- विदेशमा रहेका नेपाली श्रमिकहरूको हकहित, सामाजिक सुरक्षा र समस्या समाधानको उपयुक्त व्यवस्था मिलाउन कूटनीतिक नियोगहरूमा श्रम सहचारीको व्यवस्था गर्ने अवधारणालाई सक्दो छिटो कार्यान्वयन गर्दै साधनस्रोतसम्पन्न गर्नु पर्छ । यी मुद्दालाई सकारात्मक रूपमा ध्यान दिन र भविष्यमा मोड ४ उदारीकरण, बजार

पहुँच र भेदभावरहित व्यवहार सुनिश्चित गर्न अर्थकूटनीतिको पहल अघि बढाउनु र पनि सरकारको दायित्व हो। यसका निम्ती विभिन्न मुलुकहरू सँग आवश्यकता अनुसार द्विपक्षीय सम्झौताहरू अविलम्ब रूपमा गर्नु पर्ने हुन्छ।

- विप्रेषणबाट प्राप्त आय धेरैजसो अनुत्पादक क्षेत्रमा (पुरानो ऋण तिर्न, जग्गा खरिद गर्न, नयाँ घर निर्माण गर्न, उपभोग्य वस्तुहरूको खरिद, चाडपर्व मनाउन) खर्च हुने भई राष्ट्रको दिगो आर्थिक विकासमा खासै सकारात्मक भूमिका निर्वाह गर्न नसक्ने हुँदा यस्तो आयलाई साना उद्योग र सेवा व्यापारका अन्य क्षेत्रमा लगानीका लागि प्रोत्साहित गर्ने र लगानीका लागि आवश्यक वातावरण बनाउने विषयमा समेत सरकारले आवश्यक कार्य गर्नुपर्ने देखिन्छ। यसका साथै विदेशबाट फर्केका नेपालीहरूको ज्ञान, सीप र दक्षताको सदुपयोग गर्दै विभिन्न आर्थिक क्षेत्रमा उत्पादकत्व बढाउन आवश्यक नीति र परिस्थिति बनाउन पर्छ।

- वैदेशिक रोजगारी र विप्रेषणले मुलुकको अर्थतन्त्रमा सकारात्मक योगदान पुऱ्याएको भए पनि यसका नकारात्मक (सामाजिक, मानसिक) पक्षलाई नर्काान मिल्दैन। राज्यले स्वदेशी श्रमशक्तिलाई सदुपयोग गर्न दीर्घकालीन योजना तयार गर्नुपर्ने देखिन्छ। तर प्रत्येक नेपालीले आफ्नै मुलुकमा काम गर्न पाउने उचित वातावरण निर्माण भई स्वदेशमा नै रोजगारीको अवसर सिर्जना नभएसम्म वैदेशिक रोजगार हाम्रा लागि बाध्यता हो। त्यसैले मोड ४ उदारीकरण र कम सीप भएका श्रमिकका निम्ति उचित बजार पहुँच सुनिश्चित गर्न द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय स्तरमा आवश्यक पहल गर्नुपर्दछ।

## (ख) अन्तर्राष्ट्रिय स्तरमा गर्नुपर्ने पहल

दक्षिण एशियाका प्राय मुलुकहरूबाट बर्षेनि लाखौंको संख्यामा वैदेशिक रोजगारीका निम्ति जाने गरेका छन्। यस क्षेत्रका सबै मुलुकका निम्ति यो मुद्दा नेपाललाई जत्तिकै महत्त्वपूर्ण र गम्भीर छ। त्यसैले नेपालले दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का सदस्यहरूसँग समन्वय गरी मोड ४ को उदारीकरण र विकसित तथा कतिपय विकासोन्मुख मुलुकहरूमा सरल बजार पहुँचका विषयलाई साझा मुद्दा बनाई वार्तामा सामूहिक धारणा राख्नुपर्छ। भारतलगायत अन्य मुलुकहरूको वार्ता गर्ने क्षमताबाट नेपालले फाइदा उठाउन सक्छ। यसबाहेक नेपालले WTO का अल्पविकसित सदस्यहरूका समूहमार्फत पनि पहल अघि बढाउनुपर्छ। यसले WTO ले अल्पविकसित मुलुकहरूलाई प्रदान गरेका विशेष प्राथमिकताहरूको पनि उपयोग गर्दै कम सीप भएका श्रमशक्तिका निम्ति बजार पहुँच सुनिश्चित गरी फाइदा लिन सक्ने स्थिति बन्न सक्छ।

यसबाहेक नेपालले विकासोन्मुख तथा अल्पविकसित मुलुकहरूको समूहमा सामेल भएर पारिभाषिक स्पष्टीकरण, अस्थायी बसोबासको समयावधि, आर्थिक आवश्यकता परीक्षणलाई निरूत्साहित गर्दै लैजाने, शिक्षा र तालिमको स्तरमा एकरूपता अपनाउन अन्तर्राष्ट्रिय मापदण्ड निर्माण गर्ने, वैदेशिक रोजगारमा आउने श्रमिकका निम्ति अल्पकालीन सामाजिक सुरक्षाको व्यवस्था र अस्थायी सेवाप्रदायक भिसा वा GATS भिसाजस्ता मुद्दाहरूलाई साझा मुद्दाका रूपमा WTO का वार्ताहरूमा राख्ने कार्य गर्न सक्छ। ■

## स्रोत सामग्री


Chanda, R. 2004. *Movement of Natural Persons: A Case Study of South Asian Countries*. Jaipur: CUTS Centre for International Trade, Economics & Environment.

CBS. 2004. *Nepal Living Standard Survey 2003/04.* Kathmandu: Central Bureau of Statistics, National Planning Commission, Government of Nepal.

Chaudhuri, S., A. Mattoo, and R. Self, 2004. Moving People to Deliver Services: How Can the WTO Help?, Policy Research Working Paper, No. 3238. Washington D.C.: The World Bank.

Kategekwa, J. 2006. Extension of Mode 4 committments to include unskilled workers in the WTO. A win win situation, especially for the LDCs. Paper prepared for the OCD Development Centre Panel on Migration and Development. WTO Public Forum. Geneva.

Winters, L. A, T.L. Walmsley, Z.K. Wang and R. Grynberg. 2003. *Liberalizing Temporary Movement of Natural Persons: An agenda for the Development Round*. Oxford: Blackwell Publishing Ltd.

Winters, L. A. 2005. *Developing Country Proposals for the Liberalization of Movements of Natural Service Suppliers.* Migration DCR Working Paper T8. Suxxes: Suxxes Centre for Migration Research.

World Bank. 2007. *Migration and Remittances Factbook*. Development Prospects Group. Washington D.C.: The World Bank.


SAWTEE
SOUTH ASIA WATCH ON TRADE, ECONOMICS & ENVIRONMENT

सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठनसम्बन्धी विषयवस्तुहरूमा अनुसन्धान र वकालत तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सन् १९९४ मा स्थापना गरिएको दक्षिण एशियाली राष्ट्रका ११ वटा संस्थाको क्षेत्रीय सञ्जाल हो।

लेखक : निरज श्रेष्ठ

प्रकाशक : साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोन्मेन्ट (सावती),

कार्यक्रम : एम. एस. नेपाल, डेनिस अन्तर्राष्ट्रिय सहयोग संघको सहयोगमा संचालित Grassroots and Policy Linkage on WTO Issues (GRAPOL) Project

डिजाइन : इफेक्ट

मुद्रक : जगदम्बा प्रेस, काठमाडौं

यस जानकारीपत्रमा उल्लेखित विचार तथा मान्यता लेखककै हुन्।